यशोधरा गाउंपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

वैदौली, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

मिति : २०८३/०३/११

प.सं.: २०८२/०८३ (आ.प्र शाखा)
च.नं. 2205

श्री विषयगत शाखा (सवै)
श्री वडा कार्यालयहरु (सवै)
श्री निर्माण व्यवसायी (सवै)
श्री उपभोक्ता समिति (सवै)
श्री सरोकारवाला संघ,संस्था (सवै)

**विषय:- चालु आर्थिक वर्षको भुक्तानी,खाता वन्द तथा वित्तिय व्यवस्थापन सम्वन्धमा।**

प्रस्तुत सन्दर्भमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्वन्धि प्रचलित कानुनी व्यवस्था वमोजिम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा ७(सात) दिन अगावै भुक्तानी,निकासा तथा खर्चको लेखा अद्यावधिक गरी नियमित भुक्तानी प्रक्रिया वन्द गर्नुपर्ने व्यवस्था रहेको छ। साथै आर्थिक वर्षको अन्त्यमा स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा अत्यधिक कार्यचाप रहने,कर दाखिला,संघ,प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रकम फिर्ता,प्रतिवेदन तयारी कोष तथा लेखा नियन्त्रक कार्यालयमा आवश्यक विवरण पेश गर्ने तथा वार्षिक हिसाव मिलान लगायतका कार्यहरु समेत सम्पन्न गर्नु पर्ने भएकोले यस गाउंपालिकावाट संचालित सम्पूर्ण योजना,कार्यक्रम सम्पन्न गरी आवश्यक कागजातहरु सहित भुक्तानीका लागि मिति २०८३/३/१९ गतेभित्र पेश गर्न सम्वन्धित सबैमा जानकारी गराईन्छ। साथै उक्त संचालित योजना तथा कार्यक्रम सम्पन्न नभएको वा भए पनि कागजात जांचपास गर्ने, अनुगमन गर्ने अवधि समेत नराखी अन्तिम समयमा मात्र कागजात पेश गरी भुक्तानी वन्द भएमा त्यसवाट उत्पन्न हुने सम्पुर्ण जिम्मेवारी सम्वन्धित पक्ष स्वंयम् रहने र भुक्तानी गर्न कार्यालय बाध्य नहुने व्यहोरा समेत यसै पत्रद्धारा जानकारी गराईन्छ।

..............................
**निराजन राज लम्साल**
आर्थिक प्रशासन प्रमुख

..............................
**बलिराम यादव**
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत